# अर्जुनचौपारी गाउँपालिकामा साना सवारी साधन ईजाजत पत्र सम्वन्धि कार्यविधि, २०७६

अर्जुनचौपारी गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७६।०७।२७

अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र साना सवारी साधनको प्रयोगलाई व्यवस्थित गर्न बाच्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी अर्जुनचौपारी गाउँकार्यपालिकाले यस कार्यविधि लागू गरेको छ ।

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम : "**अर्जुनचौपारी गाउँपालिका साना सवारीसाधन ईजाजतपत्र सम्वन्धि कार्यविधि, २०७६**" रहनेछ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा र व्याख्या :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**गाउँपालिका**" भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "**गाउँकार्यपालिका**" भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "**अध्यक्ष**" भन्नाले यस अर्जुनचौपारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "**उपाध्यक्ष**" भन्नाले यस अर्जुनचौपारी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "**कार्यपालिका सदस्य**" भन्नाले यस अर्जुनचौपारी गाउँकार्यपालिकाको सदस्य सम्झनु पर्छ

(च) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले यस अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "**सवारी दर्ता**" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार मातहतका निकायमा दर्ता भई यस गाउँपालिका क्षेत्रभित्र प्रयोगमा ल्याएका साना सवारी साधनलाई कुनै व्यक्ति, संस्था वा व्यवसायिद्धारा यस कार्यालयमा अभिलेखीकरण गर्ने कार्य बुझाउनु पर्दछ ।

(ज) "**दर्ता अधिकारी**" प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्छ ।

(झ) "**क्षेत्र**" भन्नाले अर्जुनचौपारी गाउँपालिका क्षेत्र सम्झनु पर्छ ।

(ञ) "**साना सवारी साधन**" भन्नाले गाउँपालिका क्षेत्रभित्र चल्ने रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सालाई सम्झनु पर्छ ।

३. **ईजाजतपत्र सम्वन्धि व्यवस्था** : गाउँपालिका क्षेत्रभित्र साना सवारी साधन सञ्चालनको लागि सानासवारीधनीले अनुसूची-१ को ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन प्राप्त भएपश्चिात दर्ता अधिकारीले ७ दिन पश्चात सवारी धनीलाई अनुसूची-२ बमोजिमको ढाँचामा इजाजत पत्र दिनु पर्नेछ ।

४. **इजाजतपत्र नवीकरण** : दफा ३ बमोजिम इजाजतपत्र लिएका भएका साना सवारी साधनहरुको सवारी धनीले आर्थिक बर्ष समाप्त भएको ३५ दिनभित्र इजाजतपत्र नवीकरणका लागि अनुसूची ३ को ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले ३ दिन भित्र इजाजतपत्र नवीकरण गरि दिनेछ । निर्धारित समय भित्र नवीकरण नगर्ने सवारी साधनलाई पहिलो ३ महिना भित्र थप दोब्बर र त्यसपछि तेब्बर दस्तुर लिई नवीकरण गरिनेछ ।

५. **इजाजतपत्र तथा नवीकरण दस्तुर सम्बन्धी व्यवस्था** : सवारी साधनहरुको दर्ता र नवीकरण दस्तुर अर्जुनचौपारी गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनुपर्नेछ । तर अर्थिक बर्ष २०७६/७७ को हकमा भने यसै कार्यविधि बमोजिम साना सवारीसाधन इजाजतपत्र तथा नवीकरण दस्तुर तोकिनेछ । इजाजतपत्रको लागि रु ४०००।- प्रति अटोरिक्सा दस्तुर लिईनेछ ।

६. **सवारी रुट तोक्न सक्ने** :

(क) कार्यालयले सवारी साधनको आवागमनलाई व्यवस्थित गर्न स्थान विशेष क्षेत्रतोकी सवारी रुट तथा सवारी आवतजाबतको समय तोक्न सक्नेछ ।

(ख) प्रचलित ऐन नियम र व्यवस्थाको पालना गर्नु पर्ने : सबै प्रकारकार सवारी धनी तथा सवारी चालकले यातायत सवारी ऐन, कानून, नियमावली निर्देशिकाको अक्षरस पालना गर्नु पर्दछ ।

७. **जरिवाना सम्वन्धि व्यवस्था** :

(क) कुनै पनि किसिमको साना सवारी साधनले सिट क्षमता भन्दा बढी यात्रु ओसार पसार गर्न पाइने छैन ।

(ख) उपदफा (क) प्रतिकूल हुनेगरी सवारी साधन सञ्चालन गरेमा रु १०००।- जरीवाना हुनेछ ।

(ग) निषेधित समयमा बजार क्षेत्रमा सवारी साधन चलाएमा रु ५०० जरिवाना गरिनेछ ।

(घ) दफा ६ (क) बमोजिम निर्धारण गरिएको रुटमा बाहेक अन्य रुटमा साना सवारीसाधन चलाएको पाईएमा रु २०००।- जरिवाना लिई कारबाही गरिनेछ ।

(ङ) कार्यालयले गाउँपालिकाको जुनसुकै क्षेत्रमा स्थानीय प्रशासनसँग समन्वय गरी सवारी साधन छड्के चेकजाँच गरिनेछ । यसरी चेकजाँच गर्दा यस कार्यविधिमा भएका व्यवस्थालाई उल्लघन गरेको पाइएमा रु २०००।- जरिवाना गरिनेछ ।

८. **सडक सुरक्षा सम्बन्धि व्यवस्था** : गाउँपालिका क्षेत्रभित्रका सडकहरुको सुरक्षित तवरले प्रयोग गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । कुनै काबु बाहिरको परिस्थितिमा बाहेक जवरजस्ती वा अन्य कुनै अशोभनीय मानवीय गतिविधिबाट वा हेलचेक्याईले सडक संरचना विग्रेको पाइएमा सम्बन्धित सवारी धनीले सो सडक मर्मत गर्नु पर्नेछ ।

९. **साना सवारीसाधन पास सम्बन्धि व्यवस्था** : गाउँपालिका क्षेत्रभित्र नचलाउन भनी तोकिएको कुनै विशेष समयमा सवारी चलाउनु परेमा कार्यालयबाट सवारी पास अनिवार्य लिनु पर्नेछ ।

१०. **बचाउ** : गाउँपालिकाको साना सवारीसाधन व्यवस्थापन सम्वन्धि यस अघि गाउँपालिकाले गरेका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अनुसूची -१**

**कार्यविधिको दफा ३ सँग सम्बन्धित साना सवारी साधन ईजाजतपत्रको लागि सवारीधनीले दिने निवेदनको ढाँचा**

मिति :

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**अर्जुनचौपारी गाउँपालिकाको कार्यालय,**
**अर्जुनचौपारी, स्याङ्जा ।**

**विषय :- साना सवारी साधन सञ्चालनको अनुमति बारे ।**

प्रस्तुत सम्वन्धमा ............... जिल्ला ................नगरपालिका/गाउँपालिका वडा नं. ..... बस्ने बर्ष ..... को म श्री/श्रीमती/सुश्री ....................................................... को स्वामित्वमा रहेका सवारी नं. ................................... को सवारीसाधन रिक्सा/अटोरिक्सा/विद्युतिय रिक्सा यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनको लागि तपसिलको कागजात संलग्न गरी ईजाजतपत्र पाउँ भनी यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
२. पासपोट साईजको फोटो २ प्रति
३. सवारी साधनको ब्लुबुकको प्रतिलिपी

सवारीधनीको नाम :
ठेगाना :
सम्पर्क नं.
मिति :

**अनुसूची - २**

**कार्यविधिको दफा -३ सँग सम्बन्धित सवारी दर्ता प्रमाण पत्र**

अर्जुनचौपारी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश नपाल

## साना सवारी साधन ईजाजतपत्र

साना सवारी साधनको किसिम

साना सवारी साधनको दर्ता नम्बर

साना सवारी साधनको ईन्जिन नम्बर

साना सवारी साधनको चेसिस नम्बर

साना सवारीसाधन धनिको फोटो

साना सवारी धनिको नाम

सना सवारी धनिको ठेगाना

साना सवारी धनिको नागरिकता नम्बर

साना सवारी साधन दर्ता मिति :

वहाल रहने अवधि :

**अनुसूची - ३**

## कार्यविधिको दफा ४ सँग सम्बन्धित साना सवारीसाधन इजाजतपत्र नवीकरणका लागि सवारीधनीले दिने निवेदनको ढाँचा

मिति :

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**
**अर्जुनचौपारी, स्याङ्जा ।**

**विषय :- साना सवारी साधन ईजाजतपत्र नवीकरण गरि पाउँ ।**

प्रस्तुत विषयमा तहाँ गाउँपालिका क्षेत्रभित्र सञ्चालनको लागि मिति ..............................इजाजतपत्र दिएकोमा मेरो स्वामित्वमा रहेको सवारीसाधन रिक्सा/अटोरिक्सा/विद्युतिय रिक्सा कार्यालयको नियमानुसार ईजाजतपत्र नवीकरण गरिदिनु हुन तपसिलको कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१. ईजाजत पत्रको सक्कल प्रतिलिपी

२. सवारी साधनको ब्लुबुकको प्रतिलिपी

साना सवारीधनीको नाम :

ठेगाना :

सम्पर्क नं. :

मिति :

अर्जुनचौपारी गाउँपालिका साना सवारीसाधन इजाजतपत्र सम्बन्धि कार्यविधि

अर्जुनचौपारी गाउँपालिका साना सवारीसाधान इजाजतपत्र सम्बन्धि कार्यविधि